AWADHARANA : **अवधारणा**
[ A Peer-Reviewed, Open Access Journal ]
ISSN : 2505-080x (Print)
Volume 7, September 2022
Published by Creative Democrat Academy

# कक्षा दशको नेपाली पाठ्यक्रम (२०७१) को विश्लेषण

**सुरज पौडेल**
**उपप्राध्यापक, नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**

*Article History : Submitted 18 June 2022; Reviewed 5 July 2022; Accepted 10 Aug. 2022*
*Author: Suraj Poudel Email: poudelsuraj91@gmail.com*
*DOI: https://doi.org/10.3126/awadharana.v7i1.49375*

## सार

*प्रस्तुत 'कक्षा १० को नेपाली पाठ्यक्रम (२०७१) को विश्लेषण' शीर्षकको आलेख भाषा पाठ्यक्रमको धारणा स्पष्ट पारी पाठ्यक्रम निर्माण प्रक्रियाको चर्चा गर्दै प्रकारगत आधारमा कक्षा १० को नेपाली पाठ्यक्रम (२०७१) को विश्लेषण गर्ने उद्देश्यले तयार पारिएको हो । यो अध्ययन मूलतः गुणात्मक प्रकृतिको भएकाले पुस्तकालय पद्धतिको उपयोग गरी सङ्कलित प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको अध्ययन विश्लेषणबाट प्राप्त तथ्यलाई तर्क र प्रमाणका आधारमा पुष्टि गरिएको छ । भाषिक सिप आर्जनका निम्ति तयार पारिएको योजनाबद्ध दस्तावेजलाई भाषा पाठ्यक्रम भनिन्छ । पाठ्यक्रम निर्माणका सन्दर्भमा आवश्यकताको पहिचान, लक्ष्य र उद्देश्यको निर्धारण, पाठ्यवस्तुको निर्धारण र प्रस्तुतिक्रम, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया अपनाइन्छ । कक्षा १० को नेपाली पाठ्यक्रमलाई दृष्टिगत गर्दा सम्प्रेषणात्मक एवम् रचनामुखी, भाषिक सिपमा आधारित चक्रिय पद्धति, सक्षमतामा आधारित एवम् संरचनात्मक पाठ्यक्रमका रूपमा लिन सकिन्छ । यति भएर पनि परम्परागत पाठ्यक्रमबाट मुक्त हुन नसक्नु, क्रमबद्धताको अभाव, पुनरावृतिजस्ता सीमाहरू नेपाली पाठ्यक्रममा देखिन्छन् ।*

**मुख्यशब्द/शब्दावली** : चक्रिय, रचनामुखी, संरचनात्मक, सक्षमता, सम्प्रेषणात्मक, सिकाइ सहजीकरण प्रक्रिया ।

## विषय प्रवेश

शैक्षिक उद्देश्य निर्धारण गरिसकेपछि ती उद्देश्य प्राप्तिका लागि निर्माण गरिने समग्र शैक्षिक योजना नै वास्तवमा पाठ्यक्रम हो । पाठ्यक्रमलाई अङ्ग्रेजीमा curriculum भनिन्छ । curriculum शब्द ल्याटिन भाषाको 'currere' शब्दबाट विकसित भएको हो । पाठ्यक्रमलाई विद्यार्थीरूपी धावकहरू दौडने धावनमार्ग/मैदानका रूपमा पनि लिने गरिएको पाइन्छ । जे होस् पाठ्यक्रमले समग्र शैक्षिक गतिविधि एवम् सिङ्गो जीवन र जगत्लाई प्रतिविम्बित गर्दछ । कुनै

पनि सिकारुहरूमा समयानुसार व्यावहारिक परिवर्तन ल्याउन एउटा स्पष्ट एवम् दूरदर्शी योजनाको आवश्यकता पर्दछ, त्यसै योजनालाई नै पाठ्यक्रम भनिन्छ ।

भाषा विचार विनिमयको एउटा भरपर्दो एवम् सशक्त माध्यम हो । भाषाबिना मानिसले आफ्ना अनुभव, सोचाइ, चिन्तन, भावना, सूचना आदि अरुसमक्ष सहज ढङ्गले प्रकट गर्न सक्दैन । तसर्थ भाषा समाजको अनिवार्य र अभिन्न अङ्ग हो । भाषाकै माध्यमबाट मानिसले एक आपसमा आफ्ना अभिव्यक्तिहरू प्रकट गर्न सक्छन् । जबसम्म भाषाका आधारभूत सिपहरूमा दक्षता प्राप्त गर्न सकिंदैन तबसम्म भाषिक कौशलता एवम् दक्षता प्राप्त गर्न सकिंदैन । भाषिक दक्षता प्राप्तिका लागि कुनै न कुनै भाषिक योजनाको आवश्यकता पर्दछ । भाषिक दक्षता प्राप्तिका लागि बनाइएको योजनालाई नै भाषा पाठ्यक्रमका रूपमा लिन सकिन्छ । भाषा शिक्षणसम्बन्धी व्यवस्थित एवम् नियोजित कार्यक्रमलाई नै भाषा पाठ्यक्रम भनिन्छ (शर्मा र पौडेल, २०६०, पृ.२७०) । भाषा भूगोल, इतिहास, विज्ञान, दर्शनजस्ता विषयहरूमा मात्र सीमित नभई प्रत्येक मानिसको दिनचर्यामा समेत प्रयोग हुने हुनाले हरेकमा भाषाको यथेष्ट ज्ञान हुनु अपरिहार्य छ । हिँड्नका निम्ति मार्ग, बस्नका निम्ति आवास र पढ्नका निम्ति पुस्तक आवश्यक भएजस्तै भाषा सिकाइका निम्ति पनि एउटा निश्चित कार्यक्रमको आवश्यकता पर्दछ । भाषिक सिप आर्जनका निमित्त लक्षित उद्देश्य हासिल गर्न गरिने सम्पूर्ण प्रयास नै मूलतः भाषा पाठ्यक्रम हो (ढुङ्गेल र दाहाल, २०७३, पृ.४) । भाषा पाठ्यक्रमले सिकारुलाई लक्षित विन्दुमा पुऱ्याउन शिक्षकलाई मार्गनिर्देशन समेत गर्दछ । खास कुनै तह वा स्तरमा दिइने शब्दज्ञान, व्याकरण ज्ञान, मौखिक एवम् लिखित रचनाकौशल, बोध एवम् अभिव्यक्ति, संवाद, भाषण आदिको सङ्गठित रूपलाई नै भाषा पाठ्यक्रम भनिन्छ । भाषिक सिपसँग सम्बन्धित पठनपाठनयोग्य शैक्षिक सामग्री तथा क्रियाकलापहरूको सुव्यवस्थित रूप नै भाषा पाठ्यक्रम हो ।

## समस्या तथा उद्देश्य

समस्या र उद्देश्यविनाको अनुसन्धान सम्भव हुँदैन । समस्याकथन कुनै विषय वा मुद्धाको विस्तृतीकरण हो जसले अनुसन्धानको आवश्यकतालाई पुष्टि गर्नु पर्दछ (खड्का, २०७७, पृ. २१) । उद्देश्यले उठाइएका समस्याको समाधानका उपायको खोजी गर्दछ । कक्षा १० को नेपाली पाठ्यक्रम (२०७१) लाई भाषा पाठ्यक्रम निर्माणका अन्य आधारबाट विश्लेषण गरेको पाइए तापनि प्रकारगत आधारमा विश्लेषण नगरिएको हुनाले प्रस्तुत अध्ययनको औचित्य स्वतः पुष्टि हुन्छ । प्रस्तुत कक्षा १० को नेपाली पाठ्यक्रम (२०७१) को विश्लेषण शीर्षकमा तयार पारिएको आलेखका निम्न उद्देश्यहरू रहेका छन् :

- भाषा पाठ्यक्रम निर्माण प्रक्रियाको चर्चा गर्नु,
- प्रकारगत आधारमा कक्षा १० को नेपाली पाठ्यक्रम (२०७१) को विश्लेषण गर्नु ।

## अध्ययन विधि र प्रक्रिया

यो अध्ययन मूलतः गुणात्मक प्रकृतिको छ । अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि

पुस्तकालय पद्धतिको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको अध्ययन विश्लेषणबाट प्राप्त तथ्यलाई वस्तुगत र व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१) र द्वितीयक स्रोतको सामग्रीका रूपमा भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकसँग सम्बन्धित भएर लेखिएका सैद्धान्तिक पुस्तकहरू एवं अनुसन्धानसम्बन्धी पुस्तकलाई उपयोग गरिएको छ । लेखकद्वारा गरिएका दाबीहरूलाई पुष्टि गर्न विभिन्न तर्क, प्रमाण/साक्ष्य, उदाहरणलाई प्रस्तुत गरिएको छ । शीर्षकसँग सम्बन्धित पूर्वअध्येताहरूसँग संवाद गर्दै लेखलाई पूर्णता दिने काम गरिएको छ । सन्दर्भाङ्कन, सन्दर्भसूची र अन्य प्राविधिक पक्षलाई व्यवस्थित गर्नका लागि एपिए सातौँ संस्करणलाई अवलम्बन गरिएको छ ।

## पाठ्यक्रम निर्माणका सिद्धान्त र प्रक्रिया

समग्र शैक्षिक योजनालाई दृष्टिगत गरी तयार पारिएको श्रृङ्खलाबद्ध लिखित दस्तावेजलाई पाठ्यक्रम भनिन्छ । परम्परागत धारणाअनुसार पाठ्यक्रम भनेको लगानी हो भने आधुनिक धारणाअनुसार पाठ्यक्रम लगानी नभई प्रतिफल हो । चाहे लगानी होस् या प्रतिफल आखिर पाठ्यक्रमको विकस प्रक्रिया नियमशासित हुने भएकाले यसलाई जटिल एवम् महत्त्वपूर्ण प्रक्रियाका रूपमा लिइन्छ । यदि सही किसिमको पाठ्यक्रम निर्माण हुन सकेन भने एकातिर राष्ट्रको लगानी बर्बाद हुन्छ भने अर्कोतिर शिक्षार्थीको समय, श्रम, सम्पति पूर्णरूपमा  नष्ट हुन गई भविष्यसमेत अन्धकार हुनपुग्दछ । यसर्थ, पाठ्यक्रमनिर्माताहरू उपर्युक्त विषयमा सचेत र सजग हुनैपर्दछ । अतः जुनसुकै तह र विषयको पाठ्यक्रम निर्माण गुर्नुपूर्व पाठ्यक्रमनिर्माताहरूले पाठ्यक्रम निर्माणका निम्न सिद्धान्त र प्रक्रियाहरूमा गहन विचार पुऱ्याउनु आवश्यक देखिन्छ :

### आवश्यकताहरूको पहिचान/निदान

पाठ्यक्रम निर्माणजस्तो गहन विषयमा आवश्यकताहरूको पहिचान गर्नु पर्दछ । पाठ्यक्रम निर्माण गर्नु पहिले पाठ्यक्रमविद्हरूले कुन समाज, उमेर, तह र स्तरका लागि पाठ्यक्रम निर्माण गरिंदैछ भन्ने कुरामा विचार पुऱ्याउनु पर्दछ । यसो हुन सकेन भने तयार पारिएको पाठ्यक्रम समाजसापेक्ष र विद्यार्थीकेन्द्रित नभएर केवल कोरा कागजी दस्तावेज मात्र बन्न पुग्दछ । यसले न त विद्यार्थीका व्यक्तिगत आवश्यकतालाई पूरा गर्दछ न त समाजको आवश्यकतालाई नै । समय परिवर्तनशील छ । समयको परिवर्तनसँगै समाज एवम् व्यक्तिका रुचि, चाहना र आवश्यकताहरू पनि परिवर्तित हुँदै जान्छन् । त्यसकारण पाठ्यक्रमले परिवर्तित सन्दर्भअनुसार समाज र व्यक्तिका रुचि, चाहना र आवश्यकतालाई प्रतिनिधित्व गर्न सक्नुपर्दछ । मानिसविनाको समाज र समाजविनाको मानिसको कल्पनासमेत गर्न सकिँदैन । व्यक्ति-व्यक्ति मिलेर समाज, समाज-समाज मिलेर एउटा सिङ्गो राष्ट्र बन्दछ । प्रत्येक समाजका भिन्नाभिन्नै आवश्यकताहरू हुनसक्छन् किनकि सबै समाज एउटै भौगोलिक अवस्थितिभित्र रहँदैनन् । एउटै समाजमा पनि विभिन्न तह र तप्काका मानिसहरू हुन्छन् । प्रत्येक समाजमा आआफ्नै रहनसहन, भेषभूषा र संस्कृतिहरू रहेका हुन्छन् । यसरी यी सबै कुराहरूलाई दृष्टिगत गरी समय र समाजसापेक्ष पाठ्यक्रम निर्माण गर्न सकिएन भने त्यो पाठ्यक्रमले व्यक्ति तथा समाजको खाँचो टार्न सक्दैन । अतः पाठ्यक्रमनिर्माताहरूले माथि

उल्लेखित सबै कुराहरूलाई मनन् गरी पाठ्यक्रम निर्माण गर्नुपर्दछ । आवश्यकता विश्लेषण गर्दा तत्कालीन आवश्यकता मात्र नभएर भावी आवश्यकताहरूको पनि गहन अनुमान गर्नु जरुरी हुन्छ (शर्मा र पौडेल, २०६०, पृ.२९०) । बद्लिंदो सामाजिक परिवेश र आवश्यकताको पूर्वानुमान एवम् विज्ञान र प्रविधिको क्षेत्रमा भएको तीब्रतम विकासलाई समेत पाठ्यक्रमले समेट्न सक्नुपर्दछ ।

भाषा पाठ्यक्रमका सन्दर्भमा कुरा गर्दा लक्षित समूहको भाषा सिक्ने कारण के हो, कुन प्रयोजनका लागि भाषा सिक्दै छ, उसको राजनीतिक, सामाजिक, साँस्कृतिक, भाषिक पृष्ठभूमि के कस्तो छ सबै कुरालाई भाषा पाठ्यक्रमनिर्माताले बुझ्नु जरुरी छ । यसका अतिरिक्त कुन भाषाका (पहिलो र दोस्रो) रूपमा उसले भाषा सिक्दै छ, उसको शैक्षिक र बौद्धिक स्तर के कस्तो छ आदि जस्ता कुरामा समेत केन्द्रित भएर भाषा पाठ्यक्रम निर्माण गरिनुपर्दछ ।

कुनै पनि विषय वा तहको पाठ्यक्रम निर्माण गर्दा व्यक्ति एवम् समाजको आवश्यकतालाई पहिचान गर्नु पाठ्यक्रम निर्माणको पहिलो प्रक्रिया तथा सिद्धान्त हो ।

## लक्ष्य र उद्देश्यको निर्धारण

पाठ्यक्रम निर्माणको दोस्रो सिद्धान्त वा प्रक्रिया लक्ष्य र उद्देश्यको निर्धारण हो । विना लक्ष्य र उद्देश्य कुनै पनि काम सम्भव छैन । कुनै पनि काम गर्नुपूर्व जुन योजना तयार गरिन्छ त्यसैलाई लक्ष्य वा उद्देश्य भनिन्छ । समाज तथा व्यक्तिका आवश्यकताहरूको पहिचान गरिसकेपछि ती आवश्यकताहरू परिपूर्ति हुने गरी निश्चित तह र स्तरको लक्ष्य र उद्देश्य निर्धारण गरिनुपर्दछ । कुनै पनि तहको उद्देश्य निर्धारण गर्ने त्यस तहका सिकारुका निम्ति उपयुक्त ज्ञान, सिप, भाव र मनोक्रियात्मक पक्षलाई विशेष ध्यान दिनुपर्दछ । छनोट गरिएका उद्देश्यहरू मापनयोग्य वा परीक्षणयोग्य, स्पष्ट एवम् लक्षित समूहको व्यवहारमा परिवर्तन ल्याउने खालका हुनुपर्दछ । (ढुङ्गेल र दाहाल, २०७३, पृ.३०) । विषयवस्तुको प्रकृतिअनुसार लक्ष्य र उद्देश्यहरू निर्धारण गर्नु युक्तिसङ्गत देखिन्छ । शिक्षार्थीमा बोध, ज्ञान, सिप, क्षमता, दक्षता आदि बढाउने उद्देश्यले नै वास्तवमा लक्ष्य र उद्देश्य किटान गर्नुपर्दछ ।

भाषा पाठ्यक्रमका सन्दर्भमा उद्देश्यहरूको निर्धारण गर्दा भाषापाठ्यक्रमको प्रकृति (मातृभाषा, दोस्रो भाषा, विदेशी भाषा, सामान्य, विशेष) लाई दृष्टिगत गरी गर्नु उपयुक्त मानिन्छ । भाषाका क्षेत्रमा शिक्षार्थीलाई निश्चित गन्तव्यसम्म पुऱ्याउन स्पष्ट र प्रभावकारी मार्गदर्शनको आवश्यकता पर्दछ । कुनै पनि भाषा पाठ्यक्रममा उद्देश्यहरूको छनोट त्यसभन्दा तल्ला तहका पाठ्यक्रमसँग सम्बन्धित हनुपर्दछ । भाषिक सिपहरू एक आपसमा अन्तरसम्बन्धित हुने हुनाले त्यसैअनुरूप उद्देश्यहरूको छनोट गरिनुपर्दछ ।

## पाठ्यवस्तुको निर्धारण र प्रस्तुतिक्रम

आवश्यकताहरूको पहिचान र निदान एवम् त्यसअनुरूप लक्ष्य र उद्देश्यको निर्धारण गरिसकेपछि निर्धारित उद्देश्य तथा सिकाइ उपलब्धि शिक्षार्थीमा हासिल गराउन पाठ्यवस्तु (पाठ्यसामग्री) को अपरिहार्यता ठानिन्छ । कुनै पनि सिकारुले विना विषयवस्तु शून्यमा केही पनि ज्ञान

आर्जन गर्न सक्दैन । शिक्षार्थीमा अपेक्षित व्यावहारिक परिवर्तन ल्याउनका लागि उसका रुचि, चाहना, आवश्यकता र स्तर सुहाउँदा पाठ्यवस्तुहरू छनोट गरी तिनलाई मनोवैज्ञानिक तवरले सिलसिला मिलाई क्रमबद्धरूपमा प्रस्तुत गर्नुपर्दछ । पाठ्यवस्तुहरूको छनोट गरिँदा मूलतः त्यस स्तरका सिकारुले बुझ्न सक्ने जीवनदर्शन, समाजको आर्थिक, सामाजिक, धार्मिक तथा राजनीतिक वस्तुस्थितिजस्ता तत्त्वहरूलाई सिकारुको क्षमता, स्तर, रुचिका साथ प्रस्तुत गरिनु आवश्यक हुनजान्छ ।

भाषा पाठ्यवस्तुको छनोट गर्दा सिकारुका अनुभवसँग सम्बन्धित हुने किसिमले गर्नुपर्दछ । जुनसुकै विषयका पाठ्यवस्तुहरूको निर्धारण गर्दा पनि सरलबाट जटिलताको अनुक्रममा गर्नु उपयुक्त हुन्छ । तल्लो तह र कक्षाका विद्यार्थीका लागि लामा पाठहरू राख्नु त्यति उपयुक्त मानिँदैन । पाठ्यवस्तुहरूका बिचमा तार्किक र मनोवैज्ञानिक आवश्यकताको पनि यथोचित संयोजन हुनुपर्दछ (ढकाल, २०७३, पृ. ४४) । तसर्थ यी सबै कुराहरूलाई विचार पुऱ्याई मनोवैज्ञानिक तवरले सिकाइ सिद्धान्तको ख्याल गर्दै पाठ्यवस्तु निर्धारण गरिनुपर्दछ । भाषा पाठ्यक्रममा विषयवस्तुको भारी बोकाउने प्रवृतिलाई पूर्णरूपमा त्याग्नु पर्दछ ।

**शिक्षण प्रक्रिया**

पाठ्यक्रम निर्माणको अर्को महत्त्वपूर्ण सिद्धान्त शिक्षण प्रक्रिया हो । समुचित शिक्षण विधि वा प्रक्रियाको अभावमा जतिसुकै राम्रा उद्देश्यहरू निर्धारण गरिए तापनि अर्थात् जतिसुकै राम्रा पाठ्यवस्तुहरू छनोट गरिए तापनि तिनले ठोस उपलब्धि हासिल गर्न सक्दैनन् । द्विभाषिक, बहुभाषिक र दोस्रो भाषिक कक्षाहरूका निम्ति त झन् भाषा शिक्षण प्रक्रियाको मिहिन र गहन निर्देशन हुनु जरुरी मानिन्छ (पौडेल, २०६७, पृ.४०) । शिक्षार्थीको व्यवहारमा कस्तो परिवर्तन ल्याउने भन्ने कुरा पूर्णरूपमा शिक्षण प्रक्रियामा निर्भर गर्दछ । कुनै पनि विषय शिक्षकले शिक्षार्थीको तह, स्तर, रुचि, चाहना, आवश्यकताअनुरूप शिक्षण विधिको प्रयोग गरी शिक्षण गरेमा एकातिर कक्षा रुचिपूर्ण र प्रभावकारी हुन्छ भने अर्कोतिर त्यसरी सिकेको सिकाइ दीर्घकालीन पनि हुन्छ । जबसम्म कक्षा शिक्षणमा शिक्षार्थीलाई रुचि जगाएर शैक्षिक क्रियाकलापमा सहभागी गराइँदैन तबसम्म विद्यार्थीले केही कुरा सिक्नै सक्दैन । उपयुक्त शिक्षण विधिको प्रयोगले मात्र विद्यार्थीले पूर्ण सफलता पाउन सक्छ । जुनसुकै शिक्षण प्रक्रिया एवम् विधिको प्रयोग पनि मूलतः शिक्षार्थीकेन्द्रित हुनुपर्दछ । नाटकीकरण, अभिनय, खेल आदिजस्ता विधिहरू तल्लो कक्षाका लागि बढी उपयोगी हुन्छन् भने व्याख्यान, छलफल जस्ता विधिहरू माथिल्ला तहका लागि उपयोगी मानिन्छन् । व्याकरणको शिक्षण गर्दा पनि निगमनभन्दा आगमन विधिको प्रयोग उत्तम मानिन्छ । बालबालिकाहरू स्वभावैले खेलकुद र मनोञ्जनप्रति आकर्षित हुने हुनाले त्यसैअनुरूपका शिक्षण प्रक्रियाहरू अपनाई भाषाशिक्षण गर्नुपर्दछ । व्याख्यानभन्दा अनुभव र प्रयोगका आधारमा सिकेको ज्ञान चिरस्थायी हुने गर्दछ । पाठ् यवस्तुको क्रम र संरचनापछि आउने यो तत्त्व निकै महत्त्वपूर्ण साबित हुन गएको छ ।


**मूल्याङ्कन प्रक्रिया**

मूल्याङ्कन प्रक्रिया समग्र शैक्षिक प्रणालीको मेरुदण्ड नै हो । कुनै पनि कार्यक्रमको

प्रभावकारिताका लागि मूल्याङ्कन अपरिहार्य मानिन्छ । पाठ्यक्रमका उद्देश्य, पाठ्यवस्तु, शिक्षण विधि र प्रक्रियाको मात्र होइन मूल्याङ्कन प्रक्रियाको समेत मूल्याङ्कन गर्नु जरुरी हुन्छ । मूल्याङ्कनबाट एकातिर शैक्षिक प्रणालीमा सुधार गर्न सकिन्छ भने अर्कोतिर विद्यार्थीमा अपेक्षित उद्दे श्य अर्थात् सिकाइ उपलब्धि हासिल भए नभएको थाहा पाउन सकिन्छ । शिक्षण प्रक्रियामा शिक्षक कत्तिको सफल भयो भन्ने कुराको जानकारी पनि मूल्याङ्कनबाट प्राप्त गर्न सकिन्छ । भाषा पाठ्यक्रम निर्माणको औचित्यलाई आत्मसात गरी पाठ्यक्रमलाई अधिकतम रूपमा उद्देश्यमूलक बनाउन मूल्याङ् कनलाई निरन्तर रूपमा उपयोग गर्ने कार्य महत्त्वपूर्ण हुन आउँछ । पाठ्यक्रमको विकास गर्दा आवश्यक पर्ने खास तत्त्वहरू पाठ्यक्रमको प्रकृति, स्तर, तह, उमेर, क्षमता, वातावरण, आवश्यकता, उपयुक्तताजस्ता पक्षहरूको मूल्याङ्कन गरिनुपर्ने हुन्छ । मूल्याङ्कनबाट सम्बन्धित पक्षमा सुधार गर्नुपर्ने कुराहरूको जानकारी हुन्छ । यदि मूल्याङ्कनबाट शिक्षार्थीमा अपेक्षित व्यावहारिक परिवर्तन नभएको पाइएमा पुन तत् पाठ्यवस्तुको शिक्षण गरी विद्यार्थीमा व्यावहारिक परिवर्तन ल्याउन सकिन्छ । यसर्थ, यसको अभावमा कुनै पनि कार्यको उपयुक्त औचित्य हुँदैन ।

**प्रकारगत आधारमा कक्षा १० को नेपाली पाठ्यक्रम (२०७१) को विश्लेषण**

भाषा पाठ्यक्रम भनेको भाषा शिक्षणका सुनिश्चित उद्देश्यसम्म पुग्नका लागि तय गरिएको एउटा व्यापक, व्यवस्थित तथा योजनाबद्ध गोरेटो हो । यसले सुनिश्चित कार्यकलाप र प्रक्रियाहरू अँगालेर विद्यार्थीहरूमा भाषा शिक्षणका अपेक्षित उद्देश्यहरू हासिल गराउन समग्र भाषा सिकाइ अनुभवहरूको दिग्दर्शन प्रस्तुत गरेको हुन्छ । भाषा स्वयम्मा सिपमूलक विषय भएकाले भाषा पाठ्यक्रम पनि सिपमूलक प्रयोग अभ्यासमा केन्द्रित रहेको हुन्छ । भाषा पाठ्यक्रमलाई मुख्यतः निम्न तीन आधारमा वर्गीकरण गर्न सकिन्छ :




प्रकारगत आधारमा माध्यमिक तहअन्तर्गत कक्षा १० को नेपाली पाठ्यक्रम (२०७१) लाई निम्न विशेषताका आधारमा विश्लेषण गर्न सकिन्छ :

**सम्प्रेषणात्मक एवम् रचनामुखी पाठ्यक्रम**

कक्षा १० को नेपाली पाठ्यक्रम (२०७१) लाई सम्प्रेषणात्मक एवम् रचनामुखी पाठ्यक्रमका रूपमा लिन सकिन्छ किनकि यस पाठ्यक्रमले 'भाषा सम्प्रेषणका लागि' भन्ने कुर ामा जोड दिएको छ । यस पाठ्यक्रमले भाषाको सैद्धान्तिक पक्षलाई भन्दा व्यावहारिक र प्रयो ग पक्षलाई विशेष जोड दिएको हुनाले यसलाई रचनामुखी पाठ्यक्रम पनि भन्न सकिन्छ । परम्पर ाभन्दा भिन्न ढङ्गले भाषा र व्याकरण सिकाउने अपेक्षा यो पाठ्यक्रमले राखेको छ । पाठ्यक्रमलाई

कार्यमूलक बनाउने प्रयास गरिएको छ। विभिन्न क्रियाकलाप (प्रस्तुतीकरण, अभ्यास, उत्पादन, पठनबोध, प्रयोगात्मक कार्य, पृष्ठपोषण), बहुबौद्धिकता, आलोचनात्मक सोच, व्यक्ति र समूह कार्य, विधाका माध्यमबाट सिपहरूको शिक्षण, सिपहरूमा आधारित क्रियाकलापको उपयोग गरेर शिक्षार्थीहरूमा भाषिक सामर्थ्य बढाउने कुरामा यो पाठ्यक्रम केन्द्रित छ । व्याकरणको सैद्धान्तिक ज्ञानलाई जोड दिने निगमन पद्धतिलाई भन्दा उदाहरण र प्रयोगका आधारमा भाषा सिकाउने आगमन पद्धतिलाई पाठ्यक्रमले जोड दिएको छ। खासगरी सामाजिक, मनोवादी एवम् व्यवहारवादी सिकाइ सिद्धान्तका सबल पक्षलाई अङ्गीकार गरिएको यस पाठ्यक्रमलाई सम्प्रेषणात्मक एवम् रचनामुखी बनाउने प्रयास गरिएको छ। भाषा शिक्षणलाई उपयोगी, प्रयोगात्मक र व्यावहारिक बनाउने प्रयत्न गर्नुका साथै भाषिक अभ्यास र क्षमता अभिवृद्धि गर्ने रचनामुखी विषयवस्तु राखिएको छ। पाठ्यक्रम निर्माण गर्दा भाषा पाठ्यक्रम निर्माणका सिद्धान्त र प्रक्रियालाई ख्याल गर्दै विद्यार्थीको रुचि, तह र स्तरअनुरूप सम्प्रेषणात्मक र रचनामुखी बनाइएको छ।

## सक्षमतामा आधारित पाठ्यक्रम

कक्षा १० को नेपाली पाठ्यक्रम (२०७१) सक्षमतामा आधारित पाठ्यक्रम हो किनभने यसमा सिकारुको दैनिक जीवनयापन र व्यावसायिक क्षेत्रमा आवश्यक पर्ने ज्ञान, सिप, अभिवृत्ति, मूल्य र काम गर्ने तत्परतालाई व्यावहारिक रूपले उपयोग गर्न सक्ने र विद्यार्थीलाई काम गरेर सिक्ने अवसर प्रदान गरी समय र परिस्थितिअनुसार समायोजन हुन सक्ने खालका व्यावहारिक पाठ्यवस्तुको संयोजन गरिएको छ । सक्षमतालाई पनि तहगत र विषयगत गरी छुट्याइएको छ । माध्यमिक तहको १० वटा तहगत सक्षमता निर्धारण गरिएको माध्यमिक पाठ्यक्रममा नेपाली भाषाका चारवटा सिपसँग सम्बन्धित १७ वटा विषयगत सक्षमतालाई उल्लेख गरिएको छ। नेपाली भाषाका माध्यमबाट नेपाली समाजको आर्थिक, सामाजिक र साँस्कृतिक बहुलताको सम्मान गदै सामाजिक व्यवहारको विकास गर्ने लक्ष्यका साथ निर्माण भएको यस पाठ्यक्रममा सिप विकासका साधनका रूपमा विधाहरू राखिएका छन् भने विधाको प्रकृतिका आधारमा उपयुक्त भाषातत्त्व राखिएको छ। त्यसबाहेक भाषा शिक्षणमा आवश्यक पर्ने सहजीकरण प्रक्रिया, सिकाइ शैली तथा मूल्याङ्कनलाई पनि क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ। यी सिकाइ सिप र शैलीका माध्यमबाट विद्यार्थीमा आवश्यक पर्ने व्यवहार र कुशल सिपसमेत प्रदान गर्ने लक्ष्य यसले राखेको छ। यसमा सक्षमतालाई सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता सिपगत सक्षमतामा वितरण गरिएको छ । विद्यार्थीको भाषिक सक्षमता अभिवृद्धि गर्ने तथा अन्य विषयको ज्ञानमा समेत आवश्यक पठनबोध तथा पठन अभिव्यक्ति क्षमताको विकास गर्ने गरी यसका सक्षमताहरूको निर्धारण गरिएको छ । यति हुँदाहुदै पनि पाठ्यक्रमले निर्धारण गरेका कतिपय तहगत र विषयगत (भाषागत) सक्षमतामा क्रमबद्धताको अभाव देखिन्छ एकातिर भने अर्कोतिर 'प्रयोजन र परिवेश अनुसारका भाषिक प्रयोग', 'आलोचनात्मक सोच तथा उपयुक्त निर्णयसहितका भाषिक अभिव्यक्ति' लगायतका कतिपय बुँदाहरूमा प्रकारान्तरले पुनरावृति पाइन्छ।

## भाषिक सिपमा आधारित चक्रीय पाठ्यक्रम

पाठ्यवस्तुहरू चक्रको क्रममा प्रस्तुत गरी तयार पारिएको पाठ्यक्रमलाई चक्रीय पाठ्यक्रम भनिन्छ । यस्तो पाठ्यक्रममा विषयवस्तुलाई विभिन्न सन्दर्भमा पुनरावृति गराएर विस्तारै निश्चित तहको दक्षता विद्यार्थीमा विकसित गराउने उद्देश्य लिइएको हुन्छ । भाषाशास्त्री तथा पाठ्यक्रमविद् एस.पिट. कर्डरले भाषाको व्यवस्थापन चक्रिय भएको हुनाले त्यसको पाठ्यक्रम पनि चक्रिय नै हुनुपर्ने बताएका छन् । चक्रिय पाठ्यक्रमले सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता भाषाका आधारभूत सिपहरूलाई पृथक-पृथक तरिकाले नभई एकीकृत रूपमा सिकाउनुपर्दछ भन्ने कुरामा विशेष जोड दिन्छ ।

यस आधारमा कक्षा १० को नेपाली पाठ्यक्रम (२०७१) लाई हेर्दा भाषिक सिपमा आधारित चक्रीय पाठ्यक्रमका रूपमा लिन सकिन्छ किनकि यसमा सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता भाषिक सिपहरूलाई विभिन्न विधाको उपयोग गरेर एकीकृत रूपमा शिक्षण गर्ने अपेक्षा राखिएको छ । अझ सुनाइ, बोलाइजस्ता भाषिक सिपलाई त एउटै शीर्षकअन्तर्गत राखेर कक्षागत सिकाइ उपलब्धि निर्धारण गरिएको छ । यसका साथै पाठ्यक्रममा भाषातत्त्व/व्याकरण शिक्षणका लागि छुट्टै घन्टी नदिई विधागत शिक्षणकै क्रममा एकीकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ । सिकाइ सहजीकरण प्रक्रियाअन्तर्गत पाठ्यक्रमले निर्धारण गरेका सिपहरूमा आधारित क्रियाकलापहरू पनि एक आपसमा अन्तरसम्बन्धित देखिन्छन् । सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता भाषिक सिपहरूलाई पृथकीकरण गरेर शिक्षण गर्ने कार्य प्राय असम्भव नै छ । भाषिक सिपको प्रकृति नै चक्रिय भएकाले भाषा पाठ्यक्रम निर्माण गर्दा भाषिक सिपमा आधारित चक्रिय पाठ्यक्रम निर्माण गरिएको छ । यो पाठ्यक्रम सैद्धान्तिक दृष्टिले कम उपयोगी भए पनि सिपपरक, व्यावहारिक एवम् प्रायोगिक दृष्टिले बढी उपयोगी देखिन्छ ।

**परम्परामा आधारित संरचनात्मक पाठ्यक्रम**

वाक्यात्मक संरचनालाई जोड दिएर तयार पारिएको पाठ्यक्रमलाई संरचनात्मक पाठ्यक्रम भनिन्छ । वाक्यात्मक संरचना व्याकरणनिष्ठ हुने भएकाले यसलाई व्याकरणात्मक पाठ्यक्रम पनि भनिन्छ । यस्तो पाठ्यक्रमले आधारभूत वाक्यको शिक्षणमा विशेष जोड दिन्छ ।

कक्षा १० को नेपाली पाठ्यक्रममा परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, सिप/विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरण, सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन प्रक्रियाजस्ता स्तम्भ/अङ्ग समावेश गरेर पाठ्यक्रमलाई सम्प्रेषणात्मक र रचनामुखी बनाउन खोजिएको भए तापनि माध्यमिक नेपाली पाठ्यक्रम (२०७१) पूर्णरूपमा परम्परामुक्त बन्न सकेको देखिँदैन । संरचनात्मक पाठ्यक्रमका कतिपय अवशेषहरू पाठ्यक्रममा देखिन्छन् । व्याकरणात्मक नियम, अवधारणा र त्यसको प्रयोगमा पनि यो पाठ्यक्रम केन्द्रित देखिन्छ । 'विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरण' स्तम्भमा वर्णविन्यास, शब्दवर्ग, काल र पक्ष, शब्द निर्माण, पद सङ्गति, वाक्यान्तरण, वाच्य, कारक र विभक्ति, धातु, लेख्य चिन्हजस्ता भाषातत्त्व/व्याकरणलाई समावेश गरिएको छ । विद्यार्थी मूल्याङ्कन प्रक्रियाअन्तर्गत भाषिक क्षेत्र र अङ्कभार वितरणमा वर्णविन्यासलाई ३ अङ्क र व्याकरणलाई १५ अङ्क छुट्याइएको छ । पाठ्यक्रममा भएको यो व्यवस्थाले पनि संरचनात्मक पाठ्यक्रमका मूलभूत मान्यता र विशेषताहरूलाई केही हद्सम्म भए

पनि आत्मसात् गरेको देखिन्छ । त्यसैले कक्षा १० को नेपाली पाठ्यक्रम परम्परामा आधारित संरचनात्मक पाठ्यक्रम हो ।

## निष्कर्ष

भाषिक सिप आर्जनका निम्ति तयार पारिएको समग्र शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ । वि.सं. २०६४ पछि आवश्यक संशोधन र परिमार्जनसहित तयार पारिएको माध्यमिक नेपाली पाठ्यक्रम (२०७१) कार्यान्वयन भइसकेको छ । माध्यमिक नेपाली पाठ्यक्रम (२०७१) लाई दृष्टिगत गर्दा भाषा शिक्षणलाई उपयोगी, प्रयोगात्मक र व्यावहारिक बनाउने प्रयत्न गरिएको छ । भाषिक सिपमा आधारित चक्रीय पाठ्यक्रमलाई आधार बनाएर सिकाइ उपलब्धि निर्धारण गरिएको छ एकातिर भने अर्कोतिर छनोट र स्तरणको उपयुक्ततामा पर्याप्त ध्यान पुऱ्याइएको छ । पाठ्यक्रममा विधा र व्याकरणको क्षेत्र र क्रम स्पष्ट उल्लेख गरिनुका साथै व्याकरणलाई रचनात्मक बनाई भाषा प्रयोगको आधार बनाइएको छ । यसका अतिरिक्त पाठ्यक्रममा तहगत र विषयगत (भाषागत) सक्षमता तथा सहजीकरण प्रक्रिया निर्देशित गरिएको छ । भाषिक अभ्यास र क्षमता अभिवृद्धि गर्न रचनामुखी विषयवस्तुलाई स्थान दिइएको छ भने भाषातत्त्वको पृथक् प्रस्तुति नभएर एकसाथ प्रस्तुति भएको छ । यसमा विधागत समय प्रतिशत र अङ्कभार प्रस्तुत गरिएको छैन । पाठ्यक्रमसम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकता दिने कुरा उल्लेख गरिएको छ । यति हुँदाहुँदै पनि परम्पराबाट पूर्णरूपमा मुक्त हुन नसक्नु, तहगत सक्षमतामा क्रमबद्धताको अभाव, केही बुँदाहरूमा प्रकारान्तरले पुनरावृत्तिजस्ता सीमाहरू पाठ्यक्रममा देखिन्छन् ।

## सन्दर्भसूची

खड्का, जीवन (२०७७), *परिमाणात्मक अनुसन्धान*, सिम्फोनी पब्लिकेसन प्रा.लि ।

ढकाल, शान्तिप्रसाद (२०७३), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति*, पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०७३), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति*, एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

पौडेल, माधवप्रसाद (२०६७), *भाषा पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण पद्धति*, विद्यार्थी पुस्तक भण्डार ।

*माध्यमिक शिक्षा पाठ्यक्रम* (२०७१), पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, ऋषिराम (२०७५), *मोडुल सामग्री*, नेपाल खुला विश्वविद्यालय ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण*, न्यु हिरा बुक्स इन्टर प्राइजेज ।